# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, भदौ ०२ गते, २०७८ साल (अतिरिक्ताङ्क १०

## भाग ४

## प्रदेश प्रमुखको कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना १

माननीय मुख्यमन्त्री डोरमणि पौडेलले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम आफ्नो पदबाट मिति २०७८।०५।०२ गते माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाई समक्ष राजीनामा दिनु भएको हुँदा बागमती प्रदेशको मुख्यमन्त्रीको पद रिक्त भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

# सूचना २

माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईले नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम बागमती प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेता माननीय अष्टलक्ष्मी शाक्य (बोहोरा) लाई मिति २०७८।०५।०२ गते बागमती प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

# सूचना ३

माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम माननीय मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य (बोहोरा) को सिफारिसमा मिति २०७८।०५।०२ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन समेत गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| १. | श्री अष्टलक्ष्मी शाक्य (बोहोरा) | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना, उद्योग, पर्यटन, वन तथा वातावरण र भूमि व्यवस्था, कृषि तथा सहकारी |
| २. | श्री केशवराज पाण्डे | मन्त्री | आन्तरिक मामिला तथा कानून र भौतिक पूर्वाधार विकास |
| ३. | श्री कृष्ण प्रसाद शर्मा खनाल | मन्त्री | सामाजिक विकास |

**आज्ञाले,**
**नारायण प्रसाद भट्ट**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-